नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
पर्सा ।


मोबाईल नं.९८५५०३६४१५
मोबाईल नं.९८५५०३६४१२
इमेलःpmamp.piu.parsa@gmail.com
Website : parsa.pmamp.gov.np


सूचना नं. – २०७९/८०-१८
तेस्रो पटक सूचना प्रकाशन मिति २०८०/०३/०५

प्रस्तुत विषयमा परियोजना कार्यान्वयन एकाइ, पर्साको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको **चक्लाबन्दी खेती मार्फत न्यूनतम ५ हेक्टर क्षेत्रमा पोखरी निर्माण तथा माछा उत्पादन कार्यक्रम** संचालन गर्न जिल्ला भित्रका ईच्छुक योग्य आवेदकहरुले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल -२०७७ को अनुसूची -१० बमोजिमको ढाचाँमा तथ्याङ्क फारम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरण सहितको आवेदन दोस्रो पटक प्रकाशित सूचनाको मिति देखी ३ (तिन) दिन अर्थात मिति २०८०/०३/०८ गते कार्यालय समयभित्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवेदन साथ अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु

१. कार्यक्रममा सहभागिताका लागि रु १० को टिकट टाँस गरिएको अनुसूची -१० बमोजिम आवेदन ।

२. अनुसूची -१० बमोजिमको आवेदनका साथ माग भएका कागजहरुको प्रतिलिपि (संस्था दर्ता प्रमाण पत्र, VAT/PAN दर्ता प्रमाण पत्र, आवेदक संस्थाको कारोबार खुल्ने आ.व.२०७८/७९ को लेखा परीक्षण प्रतिवेदन,.....आदि) ।

३.परियोजना कार्यान्वयन एकाईमा आवेदन पेश गर्ने अधिकारिक/अख्तियार प्राप्त व्यक्ति तोकेको निर्णय प्रतिलिपी ।

४.परियोजना अन्तर्गत आवेदन दिने तथा प्रस्तावित कार्यक्रमका लागि लागि अनुदान माग सम्बन्धमा कार्य संचालक समितिको निर्णयको प्रतिलिपि ।

५.आवेदन पेश गर्ने अधिकारिक/अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

६.आवेदन संस्थाको नाममा बैकमा रहेको खाता नं. खुल्ने कागजातको प्रतिलिपि ।

७.चक्लाबन्दी खेती मार्फत न्यून्तम ५ हे. क्षेत्रमा पोखरी निर्माण तथा माछा उत्पादन कार्यक्रममा सहभागिताको लागि सम्बन्धित स्थानिय निकायको सिफारिस पत्र ।

गनेश प्रसाद यादव
वरिष्ठ कृषि अधिकृत

CamScanner